ईन्द्रावती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नवलपुर, सिन्धुपाल्चोक

प.सं. : ०७५/०७६

च.नं. : ६३०

३ नं प्रदेश, नेपाल

मिति: २०७५/०८/०२

**प्रेस विज्ञप्ति**

सिन्धुपाल्चोक जिल्ला ईन्द्रावती गाउंपालिका वडा नं. ८, सिपापोखरेका अत्यन्त इमान्दार, मिलनसार तथा कर्तव्यनिष्ठ समाजसेवी, स्वास्थ्य क्षेत्रका अगुवा एवं वडा अध्यक्ष ***श्री धन बहादुर श्रेष्ठज्यू*** मिति २०७५/०८/०१ गते शनिवार विहान तीन बजे घरबाट निस्किनु भएको र निज अवेलासम्म सम्पर्कमा नआएपछि खोजी गर्दा ईन्द्रावती गाउंपालिका वडा नं. १० स्थित होस्टे दोभान ईन्द्रावती नदीमा सोही दिन दिउसो करिव १२:३० बजे मृत अवस्थामा फेला परेको हुंदा निजको अल्पायुमै भएको असामयिक निधनले सिंगो गाउंपालिका परिवार मर्माहित भएका छौं। यस दु:खद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारजन, आफन्त तथा शुभचिन्तकहरूमा धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरोस भनी भावपूर्ण श्रद्धाञ्जली प्रकट गर्दछौं।

साथै यस ईन्द्रावती गाउंपालिका अन्तर्गतका शाखा कार्यालय, वडा कार्यालय तथा सम्पूर्ण सामुदयिक विद्यालयहरू आज ***मिति २०७५/०८/०२ गते आइतवारका दिन (१ दिन) सार्वजनिक विदा*** दिने व्यहोरा मिति २०७५/०८/०२ को कार्यपालिकाको निर्णयानुसार सम्वन्धित सवैमा जानकारीको लागि अनुरोध छ।

२०७५/०८/०२

विनोद रोका
प्रमुख प्रशासकीय अधिकृत

“दिगो विकास र सुशासनको लहर; इन्द्रावती गाउँपालिकावासीको रहर”

Gmail : www.indrawatigaupalika@gmail.com
Website : www.indrawatimun.gov.np